# साधारण सभा सम्बन्धी अन्य जानकारी

१. साधारण सभालाई ध्यानमा राखी मिति २०८२/१०/०३ गते १ दिन संस्थाको शेयरधनी दर्ता किताव बन्द रहने छ । मिति २०८२/०९/११ गतेसम्म कारोबार भई म्यादभित्र यस संस्थाको शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सभामा भाग लिन पाउने छन् ।

२. मिति २०८२ पौष ११ देखि २०८२ माघ ०३ गते सम्म वा साधारण सभा सम्पन्न नहुन्जेल सम्म कम्पनीको शेयर दाखिला खारेज बन्द गरिएको छ ।

३. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

४. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि फारम भरी साधारण सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि (मिति २०८२ साल माघ १ गते ११ बजे भित्र) संस्थाको केन्द्रीय कार्यालय (कम्पनीको रजिष्टर्ड कार्यालय स्टार हस्पिटल लि., सानेपा, ललितपुर) मा दर्ता गराई सक्नु पर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन्, यसरी दिइएको प्रोक्सी बदर हुनेछ । उक्त दिन सार्वजनिक विदा परेको खण्डमा पनि उक्त प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालय (कम्पनीको रजिष्टर्ड कार्यालय स्टार हस्पिटल लि., सानेपा, ललितपुर) मा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै (मिति २०८२ साल माघ १ गते ११ बजे भित्र) दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. एक भन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत बाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न सक्नेछन् । कम्पनीको हकमा आधिकारीक पत्र साथ उपस्थित हुनु पर्नेछ ।

८. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेको महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

९. सभा सम्बन्धमा थप जानकारीका आवश्यक परेमा कार्यालय समय भित्र संस्थाको रजिष्टर्ड कार्यालय, सानेपा, ललितपुरमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

१०. छलफलको विषय अर्न्तगत विविध शीर्षकका सम्बन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय बारे सभा हुनु भन्दा ७ (सात) दिन (मिति २०८२ साल पौष २५) अगावै कम्पनी सचिव मार्फत संचालक समितिका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

११. सभा सम्वन्धी अन्य काम कार्यवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१२. सुरक्षाको दृष्टिकोणले सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले यथासक्य झोला प्याकेट आदि नलिई आउनहुन अनुरोध छ । सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नेको सुरक्षा जांच गर्न सक्ने हुंदा सो कार्यमा अन्यथा नलिई सहयोग गरिदिन हुन समेत अनुरोध गरिन्छ ।

**पुनश्चः**

शेयरधनी महानुभावहरुले कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, सानेपा, ललितपुरमा उपस्थित भई वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्तगर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ । वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु संस्थाको website: www.starhospitallimited.com मा पनि हेर्न सक्नुहुनेछ ।

निर्वाचन सम्वन्धमा सम्पुर्ण प्रकिया निर्वाचन अधिकृतको कार्यालयवाट हुनेछ । निर्वाचन अधिकृतको कार्यालय साधारण सभा हुने स्थल यल दरवार भेन्यु, शंखमुल परिसरमा रहने जानकारी गराइन्छ ।

निर्वाचन सम्वन्धी कार्यकम छुट्टै प्रकाशन गरिनेछ । निर्वाचन सम्वन्धी कार्यकम मिति २०८२ माघ २८ गते निर्वाचन अधिकृतको कार्यालयवाट प्रकाशित गरिने व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सूचित गरिन्छ ।

संचालक समितिको आज्ञाले
(कम्पनी सचिव)